# नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)


च. नं.
Ref. No.

मिति : २०८० पुष २४

# ४० घण्टाको "सूचना प्रविधि तालिम" सम्वन्धि सूचना

यस संस्थाको CAP-III तहमा अध्ययनरत विद्यार्थीहरुका लागि ४० घण्टाको सूचना प्रविधि तालिम सञ्चालन हुन गइरहेको हुँदा **December 2024** को अन्तिम परीक्षामा सहभागी हुने विद्यार्थीहरुका साथै नियमानुसार ४० घण्टाको सूचना प्रविधि तालिम लिन आवश्यक भएका अन्य विद्यार्थीहरुले **मिति २०८० पुष २८ गते देखि मिति २०८० माघ १२ गते १:०० बजे** भित्र Student login भित्र रहेको IT Training मा गई तालिमको लागि आवश्यक दस्तुर भुक्तानी गरी नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

साथै **June 2024** को अन्तिम परीक्षामा सहभागी हुने तर यस अघि सञ्चालन भएका तालिम लिन छुटेका विद्यार्थीहरुले **मिति २०८० पुष २७ गते** भित्र Student login भित्र रहेको IT Training मा गई तालिमको लागि आवश्यक दस्तुर भुक्तानी गरी नाम दर्ता गर्नुहुन सूचित गरिन्छ ।

**आफुले तालिम लिने समुहको कक्षा सञ्चालन हुने मिति तथा समयको बारेमा आफु कार्यरत संस्थासंग संमन्वय गरेर मात्र नाम दर्ता गराउन हुन समेत सूचित गरिन्छ ।**

तालिम सम्वन्धि अन्य विवरण

- **संस्थाले सूचना प्रविधि तालिमको बार्षिक क्यालेण्डर तयार गरी लागु गरेको छ । बार्षिक क्यालेण्डरमा तोकिएको समय सिमा भित्र नाम दर्ता नगर्ने विद्यार्थीहरुको निमित्त थप तालिम सञ्चालन हुने छैन ।** *(क्यालेण्डर संस्थाको website भित्र Student भित्र IT Training भित्र उपलब्ध रहेको छ ।)*
- तालिमको लागि नाम दर्ता गर्ने विधि
  - विद्यार्थीहरुले Student login गरे पश्चात IT training को Dash board भित्र विभिन्न समुह (Batch) प्राप्त गर्नसक्ने छन् ।
  - प्रत्येक समुहमा तालिम सञ्चालन हुने **मिति समय र स्थान** निर्धारण गरिएको हुनेछ । आफु तालिम लिन चाहेको समुह यकिन गरेर मात्र नाम दर्ता गर्नुपर्ने छ ।
  - विद्यार्थीहरुले उपलब्ध रहेको समुहहरु मध्येबाट आफुलाई उपयुक्त हुने समुह छनौट गरी मोवाईल वा email मा आएको OTP हाली Esewa वा Connect IPS मार्फत रकम भुक्तानी गरी तालिमको लागि नाम दर्ता गर्नुपर्ने छ ।
  - नाम दर्ता भए पश्चात समुह वा मिति वा समय वा स्थान परिर्वतन हुने छैन ।
- तालिममा सहभागी हुन विद्यार्थीको साथमा संस्थाबाट जारी भएको विद्यार्थी परिचय पत्र अनिवार्य रुपमा हुनुपर्ने छ ।
- तालिम भौतिक रुपमा सञ्चालन हुनेछ । तालिम कुल अवधि ४० घण्टाको हुनेछ । तालिम दैनिक ४ घण्टा सञ्चालन हुनेछ । तालिमको परीक्षा संस्थाले तोकेको मिति, समय र स्थानमा हुनेछ । सोको जानकारी बिद्यार्थीहरुलाई उपयुक्त माध्यम बाट गराईनेछ ।
- साथै नियमानुसार ४० घण्टाको सूचना प्रविधि तालिम लिन आवश्यक भएका **अन्य विद्यार्थीहरुले** समेत माथि उल्लेख भए बमोजिम नाम दर्ता गर्न सक्नेछन् । माथी उल्लेखित प्रकृया अनुरुप नाम दर्ता गर्न नसकेमा संस्थाको ५५३०८३२ वा ५५३०७३० ext. २१५ मा सर्म्पक गर्नहुन अनुरोध छ ।

विशाल भट्टराई
वरिष्ठ अधिकृत (सूचना प्रविधि)


ICAN Marg, Satdobato, Lalitpur, Nepal, Tel: 0977-1-5530832, 5530730, Fax: 0977-1-5550774
Post Box No.: 5289, E-mail: ican@ntc.net.np, Website: www.ican.org.np

**Branch Offices:**

Biratnagar : Tel: 977-021-474395, E-mail: icanbrt@ican.org.np | Butwal : Tel: 977-071-533629, E-mail: icanbtl@ican.org.np
Birgunj : Tel: 977-051-522660, E-mail: icanbrj@ican.org.np | Pokhara: Tel: -977-061-587679, E-mail: icanpkr@ican.org.np
Nepalgunj : Tel: 977-081-530050, E-mail: icannpj@ican.org.np | Dhangadhi : 977-091-527493, Email: icandhg@ican.org.np